




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २९ गते आइतबार ❑ 13 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भैरहवा विमानस्थलमा अबको ४१ दिनपछि उडान-अवतरण

**रासस**
**काठमाडौं, २८ फागुन**

नेपालको दोस्रो ठूलो अन्तर र्राष्ट्रिय विमानस्थल भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अबको ४१ दिनपछि सञ्चालनमा आउने भएको छ।

यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) सकेर आगामी वैशाख १ गतेदेखि परीक्षण उडान गर्ने र आगामी जेठ २ गतेदेखि व्यावसायिकरूपमा उडान खोल्ने तयारी भएको हो। आगामी जेठ २ गते बुद्ध पूर्णिमा परेकाले सोही दिनदेखि नियमितरूपमा अन्तर र्राष्ट्रिय उडान-अवतरण गर्ने गरी कामको तयारी भइरहेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले बुद्ध पूर्णिमाको दिनबाट त्यहाँ अन्तर्राष्ट्रिय उडान-अवतरण गर्ने गरी तयारी गर्न निर्देशन दिनुभएको थियो। त्यसलगत्तै नेपाल नागरिक उड्डयन प्राधिकरणले ४१ दिनपछि अर्थात् जेठ २ गतेबाट नै उडान-अवतरण गर्ने गरी काम गरिरहेको जनाएको छ।



उक्त विमानस्थलमा चाँडोभन्दा चाँडो अन्तर्राष्ट्रिय उडान-अवतरणका लागि काम भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल देशको दोस्रो सुविधासम्पन्न अन्तर र्राष्ट्रिय विमानस्थल हो। यस विमानस्थलमा अबको ४१ दिनपछि अन्तर्राष्ट्रिय उडान-अवतरण गर्न सकिने गरी काम भइरहेको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक ई प्रदीपकुमार अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो, "भैरहवामा आगामी बुद्ध पूर्णिमाका दिनदेखि अन्तर र्राष्ट्रिय उडान-अवतरण गर्ने गरी काम सुरु भएको छ, सम्भवतः तोकिएकै समयमै काम सुरु गर्छौं।" पछिल्लो सयम नेपाल नागरिक उड्डयन प्राधिकरणको भैरहवा विमानस्थल सञ्चालनको तयारीका लागि आवश्यक पर्ने कामध्यान केन्द्रित भएको र गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि नेपाल एयरलाइन्स, जजिरा एयर र थाई स्माइलले उडान गर्ने आशय देखाएको महानिर्देशक अधिकारीले जानकारी दिनुभयो। प्राधिकरणले आफ्नो वेबसाइटमार्फत एरोनटिकल पब्लिकेसन इन्फर्मेसन (एआइपी) सार्वजनिक गरेसँगै उक्त विमानस्थलमा अवतरण हुने जहाजले अब सहजै अनुमति पाउने भएका छन्। सो एआइपीकै आधारमा अन्तर्राष्ट्रिय हवाई कम्पनीहरूले आफ्ना जहाजमार्फत भैरहवामा व्यावसायिक उडान भर्न ध्यानाकर्षण गराएका छन्। विमानस्थलको समग्र अवस्थाबारे पूर्ण जानकारी समेटेर सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्कका आधारमा हवाई कम्पनीले आफ्नो जहाज त्यहाँ उडान तथा अवतरण गर्न सक्ने नसक्नेबारे जानकारी पाएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरणले सार्वजनिक गरेको सूचनाअनुसार अब चाँडै गौतमबुद्ध विमानस्थलमा बोइङ तथा एयर बसका जहाजले उडान भर्ने र अवतरण गर्ने निश्चित भएको छ। उक्त तयारीअनुसार विमानस्थलले अबको कम्तीमा पनि दुई साताभित्रै नागरिक उड्डयन सङ्गठन (आइकाओ)को प्रमाणपत्र पाउने अपेक्षाअनुसार अन्तर्राष्ट्रिय उडानको तयारी सुरु भएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

## राजनीतिक स्थायित्वका लागि गठबन्धन आवश्यक : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आगामी चुनावमा जीत हात पार्न गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताएका छन्। व्यास नगरपालिकाले शनिबार गरेको व्यास नगर अल्ट्रा म्याराथनको समापन कार्यक्रममा उनले गठबन्धनको संस्कृतिलाई परिस्कृत गर्दै लैजान सके मुलुकमा राजनीतिक स्थायित्व कायम हुने बताए।

व्यास नगरपालिका-५ मानुङकोटबाट सुरु भएको अल्ट्रा म्याराथन ४४ किलोमिटर दुरी पार गर्दै व्यास नगरपालिका ८ पुलिमराङमा सापन भएको हो।

कार्यक्रममा मुख्यमन्त्रीले भने, 'हामीमा गठनबन्धन संस्कृति नभएका कारण असजिलो लागेको हो, अहिले गठबन्धनकै सरकार बनेको छ, राष्ट्रिय सभाको चुनावमा हामीले त्यो अभ्यास गरिसकेका छौं, आगामी चुनावमा पनि मिलेरै जानुपर्ने हुन्छ।' छिमेकी मुलुक भारतमा मनमोहन सिंहले २ पटकसम्म गठबन्धन सरकारकै नेतृत्व गरेको स्मरण गर्दै उनले नेपालका दलहरुले पनि त्यसको अनुसरण गर्नुपर्ने बताए। गएको चुनावमा भए भरका कम्युनिस्ट मिलेर तलदेखि माथिसम्म विजयी भए पनि दलहरुबीचकै मुटावका कारण राजनीतिक उतारचढाव आएको उनको भनाइ थियो। अब कांग्रेसको नेतृत्वमा गठनबन्धन सरकार मिलेरै चुनावमा जाने र ३ तहकै चुनावमा विजय हासिल हुने मुख्यमन्त्री पोखरेलले बताए।

उनले संघीयताको पहिचान भनेको प्रदेश सरकार रहेको भन्दै नागरिकका समस्या सुल्झाउन हरसम्भव प्रयास गरिरहेको बताए। विकास निर्माण मात्र नभएर सामाजिक क्षेत्रमा समेत प्रदेश



सरकारले उल्लेखनीय काम गरेको दाबी उनको थियो।

खेलकुदको प्रंसगमा उनले गण्डकी प्रदेशलाई खेलकुद पर्यटनको हब बनाउनुपर्ने बताए। अबको केही महिनामा पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेको र त्यसको तयारीमा प्रदेश जुटेको पनि उनको भनाइ थियो। खेलमार्फत् २ महत्वपूर्ण स्थललाई जोड्ने गरी सुरु गरेको अल्ट्रा म्याराथन व्यास नगरपालिकाको दुरदर्शी कार्य रहेको उनले बताए।

मुख्यमन्त्री पोखरेलले सरदार यदुनाथ खनाल जन्मिएको मानुङकोट र सहिद गाउँ पुलिमराङ लाई खेलकुदका माध्यमबाट विश्वसामु चिनाउन म्याराथनले महत्वपूर्ण भूमिका खेलेको भनाइ राखे। तनहुँको सदरमुकाम कब्जा गर्ने क्रममा पुलिमराङका धर्मध्वज गुरुङको स्मरण गर्दै त्यतिबेला राणा शासनको विरुद्धमा आवाज उठाएकै कारण शाहदत प्राप्त गरेको बताए। पछि पञ्चायती व्यवस्थाको विरुद्धमा समेत पुलिमराङका युवाहरुले मुलुकका लागि ठूलो योगदानको उनले कदर गरे। उनले भने, 'धर्मध्वजले बन्दीपुरमा रगत बगाएकै दिनमा नेपालमा संघीय लोकतान्त्रिक व्यवस्थाको जग बसेको हो, अहिले आएर साकार भएको छ।' सहिद गाउँको नामले परिचित तनहुँको व्यास नगरपालिका ८ पुलिमऱ्याङ अहिले पर्यटकीय गन्तव्य बनेको छ। २००७ साल र त्यसपछि भएका आन्दोलनका क्रममा प्रजातन्त्र स्थापनाकै लागि भिडेका कारण यो गाउँका ६ जनाले मृत्युवरण गर्नु परेको छ। पुलिमऱ्याङकै भरत गुरुङ, शमसेरबहादुर गुरुङ, लालध्वज गुरुङ, धर्मध्वज गुरुङ, सर्वसिंह गुरुङ, हस्तवीर गुरुङले विभिन्न समयमा शाहदत प्राप्त गरेका छन्। पुलिमऱ्याङ गाउँभन्दा केही माथिको खाली जमिनमा अहिले सहिद पार्क बनाइएको छ र त्यहाँ तिनै ६ जना सहिदको प्रतिमा राखिएको छ।

कार्यक्रममा व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राखेर २२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए। उनले मानुङकोटको पर्यटकीय महत्व र पुलिमराङको ऐतिहासिक महत्व जोड्नका लागि यो कार्यक्रा आयोजना खुलाए।

उक्त अवसरमा स्थानीय एक्काबहादुर गुरुङ, टेकबहादुर गुरुङले सहिद पार्कमा सहज आवतजावतका लागि सडकको स्तरोन्नती गर्नुपर्ने आवश्यकता औंल्याए। उक्त अवसरमा संविधानसभा सदस्य रामचन्द्र पोखरेल, जिल्ला समन्वय समिति तनहुँ प्रमुख शान्तिरमण वाग्लेसहित विभिन्न राजनीतिक दलका प्रतिनिधिले भनाइ राखेका थिए।

## कोभिड सङ्क्रमण घटे पनि जोखिम यथावत् : चिकित्सक

**रासस**
**काठमाडौं, २८ फागुन**

मुलुकमा कोभिड-१९ को सङ्क्रमण क्रमशः कम हुँदै गएको छ। यद्यपि जोखिम भने यथावत् रहेको बताउँदै चिकित्सकहरूले स्वास्थ्य सुरक्षाका सबै उपाय अवलम्बन गर्न सुझाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा पाँच हजार ६२ जनाको परीक्षण गरिएकामा ७३ जनामा मात्र कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। सोही अवधिमा १९२ जना सङ्क्रमणमुक्त भई घर फर्केका छन्।

त्यसैगरी बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट मृत्यु नभएको जनाइएको छ। हालसम्म मुलुकमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ९५० पुगेको छ। हाल देशभर पाँच हजार ५० जना सक्रिय सङ्क्रमित रहेका र १०६ जना क्वारेन्टिनमा बसेका छन्।

पछिल्ला २४ घण्टामा एक लाख १३ हजार चार जनाले कोभिड-१९ विरुद्ध खोप लगाएका उक्त मन्त्रालयले बताएको छ। खोप अभियान सुरु भएयता चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप लगाइसकिएको छ भने एक करोड ८६ लाख ११ हजार ६२६ जनाले पहिलो मात्रा खोप लगाएका छन्। एक करोड ८३ लाख ९९ हजार ४५१ जनाले खोपको पूर्ण मात्रा लगाइसकेका छन्। आजसम्ममा १६ लाख ३८ हजार ५३६ जनाले खोपको अतिरिक्त मात्रा पनि लगाइसकेका छन्।

## मेडिप्लसको नि:शुल्क स्वास्थ्य शिविरबाट ३ सय ५० जना लाभान्वित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

पोखरा ११ को मेडिप्लस हस्पिटलले आयोजना गरेको एक दिने निःशुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रमबाट ३ सय ५० जना लाभान्वित भएका छन्।

शनिबार कास्कीको रुपाकोट गाउँपालिका ३ स्थित पोल्याङको जनता माविमा आयोजना गरेको उक्त शिविरबाट ३ सय ५० जना लाभान्वित भएको हस्पिटलले जनाएको छ। उक्त शिविरमा हस्पिटलका १३ जना कन्सल्टेण्ट, चिकित्सक, स्टाफनर्स, कर्मचारी सहित ४२ जनाको टोली सहभागि भएको हस्पिटलका व्यबस्थापक गौतम पौडेलले बताए। हस्पिटलका अध्यक्ष रमेश कुमार थापाले उक्त शिविरको उद्घाटन गर्दै सामाजिक उत्तरदाहित्व अर्न्तगत आफुहरुले निःशुल्क स्वास्थ्य शिविर संचालन गरेको बताए। आगामी दिनमा यस्ता कार्यक्रम निरन्तर गर्ने तथा शिविरमा सम्भव



नभएका उपचारहरु समेत २० प्रतिशत सहुयत दरमा अस्पतालमा प्रदान गर्ने उनले वचत दिए।

कार्यक्रममा जनता मावि बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्त बहादुर भुजेल, विद्यालयका प्रध्यानाध्यापक विश्व रन्जन सुवेदी, सहायक प्रध्यानाध्यापक उदय ढुंगाना, पूर्व प्रध्यानाध्यापक कृष्णप्रसाद नेपाल, कार्यक्रम संयोजक मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर का संस्थापक शेयरधनी डा. दीपक सुवेदी, समाजसेवी तीर्थ जंगली लगायतको कार्यक्रममा सहभागिता रहेको थियो।

उक्त कार्यक्रमलनाई सफल पार्न लियो क्लव अफ पोखरा पिस चौतारी, रुपा गाउँपालिका वडा नम्बर ३ कार्यालय, जनता मावि, जन जाग्रिती आमा समुह, जन ज्योति आमा समुह, जन हिमाल आमा समुह, चन्द ज्योति आमा समुह, जय शान्ति आमा समुहले सहयोगीको भुमिका खेलेको पौडेलले जनाए।

उक्त कार्यक्रमलनाई सफल पार्न लियो क्लव अफ पोखरा पिस चौतारी, रुपा गाउँपालिका वडा नम्बर ३ कार्यालय, जनता मावि, जन जाग्रिती आमा समुह, जन ज्योति आमा समुह, जन हिमाल आमा समुह, चन्द ज्योति आमा समुह, जय शान्ति आमा समुहले सहयोगीको भुमिका खेलेको पौडेलले जनाए।

उक्त शिविरमा हार्डजोर्नी तथा नशारोग, पेट, छाती तथा मुटुरोग, बाल रोग, जनरल सर्जरी, स्त्री तथा प्रसुती रोग, नाक, कान, घाँटी, रेडियोलोजि, मधुमेह रोग परिक्षण, ई.सि.जि.,भिडियो एक्स रे लगायतको सेवा उपलब्ध गराएको अस्पतालले जनाएको छ। मेडि प्लस अस्पतालमा चौबिसै घण्टा आपतकालीन सेवा, बिषेशज्ञहरुको बहिरंग सेवा (ओपीडी), आपतकालिन ट्रमा सेवा, सघन उपचारकक्ष(आईसियू), आधुनिक प्रयोगशाला, ई क्लिनिक एवं टेलिमेडिसिन, होम केयर सेवा लगायकतो सेवा रहेको व्यबस्थापक पौडेलले बताए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लेखनाथ महोत्सवमा राजु र आयषाको दोहोरी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

लेखनाथमा जारी १७ औं संस्करणको लेखनाथ महोत्सवमा शनिवबार दर्शकहरुको उल्लेख्य सहभागिता रहेको छ।

सार्वजनिक विदाको दिन परेकाले दर्शकहरुको घुमफिर र रोजाईमा लेखनाथ महोत्सव परेको हो। शनिवार मात्रै झण्डै २५ हजार दर्शकले महोत्सव अवलोकन गरेको प्रचार प्रसार उपसमितिका संयोजक गोपिचन्द्र बास्तोलाले जानकारी दिए।




महोत्सवमा शनिबार करिव ५० लाख रुपैयाको कारोबार भएको बास्तोलाले वताए। शनिवबार दर्शकहरुको चाप अधिक रह्यो, सवै स्टलहरुमा कारोबार राम्रो भएको पायौ प्रचार संयोजक बास्तोलाले भने–"कारोबारले स्टलवाला र मनोरञ्जनले दर्शक सन्तुष्ट भएका छन्।" महोत्सवमा कृषिजन्य स्थानीय उत्पादन देखी अटो, सूचना प्रविधि, खाद्य, लत्ताकपडा, सेवा सुचना लगायतका तीन सय भन्दा बढी स्टल रहेका छन्।

महोत्सव स्थलबाटै नेपाल टेलिकमले निशुल्क सिमकार्डको व्यवस्था गरेको छ भने लेखनाथ खानेपानी उपभोक्ता संस्था, कामना सेवा विकास बैंक र हिमालयन प्यूरीफाईले पानी तथा जुसको व्यवस्था गरेका छन्।

गण्डकी प्रदेशको संक्रामक तथा सरुवा रोग अस्पतालको संयोजनमा लेखनाथ स्थित विभिन्न स्वास्थ्य संस्थाहरुले कोरोना विरुद्धको भ्याक्सिन समेत व्यवस्था गरेका छन्। महोत्सव स्थलबाटै ८० जनाले कोरोना विरुद्धको भ्याक्सिन लगाएका छन्। शनिबार चर्चित लोकदोहोरी गायक राजु परियार र नौ बर्षिया बाल गायीक आयषा गौतम लगायतले दर्शकहरुलाई छमछमती नचाएका थिए। साँझ चर्चित कार्यक्रम प्रस्तोता, हाँस्यकलाकार एवं गायक सन्दिप क्षेत्रीले युवा पुस्तालाई मनोरन्जन दिलाएका थिए। यसैगरी हाँस्य कलाकार राजा राजेन्द्रले विभिन्न प्रस्तुती दिएका थिए।

महोत्सवमा विद्यालयस्तरिय नृत्य प्रतियोगिता, विभिन्न जनजातीको झ्याकी र रत्यौली गीत प्रतियोगिता समेत समावेश गरिएको छ।

फागुन २६ देखी चैत्र ७ गतेसम्म संचालन हुने महोत्सवको मुख्य प्रायोजकमा इको प्यानल रहेको छ।

# शनिबारीय टी-२० क्रिकेट लिग राईजिङ र पोखराको तेस्रो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

अमृत गुरुङको अलराण्डर प्रदर्शनमा राईजिङ क्रिकेट क्लबले शनिबारीय टी-२० क्रिकेट लिग अन्तर्गत तेस्रो जित निकाल्ले क्रममा कास्की क्रिकेट क्लबलाई ४२ रनले पराजित गरेको छ।

वाईनकिङ टी-२० कास्की जिल्ला क्लबस्तरीय च्याम्पियनसिप अन्तर्गत शनिबार पोखरा रंगशालामा भएको प्रतिस्पर्धामा राईजिङका कप्तान अमृत गुरुङले प्लेयर अफ दि म्याच प्रदर्शन गरेपछि सहज जितसँगै लिगको शीर्षस्थानमा रहेको छ। उनले १८ बलमा १ चौका र ४ छक्का हान्दै ३४ रनको अविजित पारी खेलेपछि राईजिङले १४८ रनको योगफल तयार पार्‍यो। टस जित्दै राईजिङका ओपनर सागर लामिछानेले ३६बल खेल्ने क्रममा २५ रन बनाए। उनले दोस्रो विकेटको लागि किरण पौडेलसँग ३४ रनको साझेदारी निभाए। किरण पौडेलले पनि १९ रनको योगदान दिदाँ कृष्ण पौडेल भने ८ बलमा १६रन बनाउँदै २ चौका प्रहार गरे। सिब्रिन श्रेष्ठले ३ ओभर बलिङ गर्ने क्रममा २ विकेट लिदाँ विष्णुप्रसाद शर्मा, विश्वास पराजुलीले १/१ विकेट लिए। अमृत गुरुङले ४-०-१५-२ को बलिङ स्पेल गरेपछि १४९ रनको लक्ष्य पछ्याएको कास्की क्रिकेट क्लब १०६ रनमै समेटियो। सबै विकेट गुमाएको कास्कीलाई व्याटिङ ध्वस्त बनाउने क्रममा फाष्ट बलर कृष्ण पौडेलले ४-०-२५-२ को प्रदर्शन गरे। कास्कीका कप्तान विष्णुप्रसाद शर्माले ३६बलमा सर्वाधिक ४५ रनको योगदान गरेपनि जितको हकदार बनाउन सकेनन्। उनले ४ चौका र ३ छक्का हिर्काउँदै अर्धशतक नजिक पुगे। तर जितसम्म डोहोर्‍याउन भने असमर्थ देखिए। आयुष सैंजुले १३ बलमा १३ रन हिर्काए। विश्वास पराजुलीले भने २१ बल खेल्दै १२ रन बनाए। यसैगरी दोस्रो खेलमा पोखरा क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबलाई १४ रनले पराजित गरेको छ। टस जितेर व्याटिङ गरेको पोखरा क्रिकेट क्लब ९ विकेटको क्षतिमा ९० रनको योगफल तयार पार्ने क्रममा अनिल गुरुङले सर्वाधिक २६रनको योगदान दिए। उनले ४२ बल खेले।

मुश्कान थापाले २२ बल खेल्दै १३ रन जोड्दा विकास अधिकारीले १६बलमा १३ रन बनाए। ऋतिक थापा मगरले ४ ओभरमा २१ रन दिएर ३ विकेट लिए। सुवास बास्तोला र दिपेश खत्रीले समान २/२ विकेट आफनो नाममा लेखाए। ९१ रनको लक्ष्य पछ्याएको माछापुच्छ्रे क्रिकेट क्लब भने ७६ रनमा समेटिन पुग्यो। ऋतिक थापा मगरले २२ रन र पुजन पौडेलले १८ रन बाहेक अन्य व्याटरको दोहोरो अंक स्कोर बनाउन सकेनन्। बलिङ तर्फ प्लेयर अफ दि म्याच पोखरा क्रिकेट क्लबका अनिल गुरुङले २ विकेट लिए।

# निर्वाचनमा तालमेलका लागि कोसिस गर्छौं, नभए एक्लै प्रतिस्पर्धा गर्छौं : प्रचण्ड

**रासस**
**काठमाडौं, २८ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले आसन्न निर्वाचनमा सकेसम्म गठबन्धनबीच सहकार्य गर्ने अन्यथा एक्लै प्रतिस्पर्धा गर्ने बताउनुभएको छ।

दिवङ्गत नेता पोष्टबहादुर बोगटी 'दिवाकर'को नुवाकोटको पिपलटारमा निर्माण गरिएको पूर्णकदको शालिक अनावरण गर्दै अध्यक्ष प्रचण्डले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) कार्यान्वयनका पक्षमा देखिएको समस्या समाधानका लागि सत्तारुढ गठबन्धनबीच भएको सहकार्य आसन्न निर्वाचनमा पनि कायमै राख्न कोसिस गरिने बताउनुभयो।

"केन्द्रीय कमिटीको हालै सम्पन्न बैठकले निर्वाचन केन्द्रित दुईमहिने अभियानको घोषणा गरेकाले अबको समय चुनावी तयारीको रहेको छ", उहाँले भन्नुभयो, "अब प्रदेशस्तरीय भेला तथा प्रशिक्षण गर्दै त्यसपछि जनताको घरघरमा पुगेर पार्टीलाई विजयी गराउनका लागि अपिल गर्ने नीति पार्टीले अवलम्बन गरेको छ।" स्थानीय तहको चुनावमा सत्तारुढ गठबन्धनबीच तालमेल प्रयास जारी रहेको बताउँदै अध्यक्ष प्रचण्डले भन्नुभयो, "जनतासँगको सम्बन्ध बलियो बनाएर आफ्नै खुट्टामा उभिएर चुनाव जित्न उच्च प्रथामिकता दिने हो तर सत्तारुढबीचको सम्बन्ध कायम राख्दै तालमेललाई पनि ध्यान दिने र त्यसका लागि पनि नेतृत्वले प्रयास गरिराख्छ।"

नेपालको कम्युनिष्ट आन्दोलन र माओवादी पार्टीको सङ्गठन निर्माणसहित सुदृढीकरणमा शालिन र शिष्ट नेता दिवाकरको निधनले ठूलो क्षति पुगेको र अहिले पनि अभाव खट्किरहेको अध्यक्ष प्रचण्डले बताउनुभयो। 'पोस्टबहादुर बोगटी स्मृति प्रतिष्ठान'का संरक्षकसमेत रहनुभएका प्रचण्डले विदुर-५ पिपलटार उद्यानमा बनाइएको शालिक मात्र नभई उहाँको योगदानको शिक्षा ग्रहण गर्ने थलोका रूपमा विकास गर्न सुझाव दिनुभयो।


## भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो।

त्यसैले,
त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाकोबारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# समस्या समाधान गर्ने पार्टी एमाले हो : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २८ फागुन**

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जनताका वास्तविक समस्या समाधान गर्ने पार्टी एमाले भएको दाबी गर्नुभएको छ।

पर्साको वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगीलाई एमाले प्रवेश गराउने कार्यक्रममा उहाँले देश बनाउने जिम्मेवार पार्टी एमाले भएको दाबी गर्नुभयो। जनताका दुःखकष्ट सम्बोधन गर्ने र उनीहरूका समस्या समाधान गर्ने पार्टी एमाले भएको बताउँदै अध्यक्ष ओलीले भन्नुभयो, "जनताका समस्या दीर्घकालीन रुपमा समाधान गर्ने पार्टी एमाले हो।" वर्तमान अवस्थामा एमाले प्रतिपक्षमा भए पनि एमालेमाथि सबैको विश्वास रहेको बताउँदै उहाँले आगामी निर्वाचनबाट एमाले पहिलो पार्टी बनेर अगाडि आउने ओलीले दाबी गर्नुभयो। नगर प्रमुख सरावगी जनता समाजवादी पार्टी (तत्कालीन सङ्घीय समाजवादी फोरम नेपाल) बाट निर्वाचित हुनुहुन्थ्यो। व्यापारिक पृष्ठभूमिबाट राजनीतिमा आएका सरावगीले यस अगावै जसपाभित्रका केही नेता र कार्यकर्ताले आफूलाई अप्ठ्यारोमा पारेको भन्दै पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेको जानकारी दिनुभयो।

# मैत्रीपूर्ण फुटबलमा पत्रकार महासंघ बिजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

इन्फोम्याटिक्स कलेजको १२ औं वार्षिकोत्सवको अवसरमा शनिबार आयोजित मैत्रीपूर्ण फुटबल खेलमा नेपाल पत्रकार महासंघ कास्की विजयी भएको छ।

उक्त कलेजका प्राध्यापक तथा प्रतिनिधि र कास्कीमा कार्यरत पत्रकारहरु बिच दोविल्ला स्थित सहारा एकेडेमीको मैदानमा भएको खेलमा पत्रकारको टिमले इन्फोम्याटिक्स कलेजलाई ८-३ गोलअन्तरले पराजित गरेको हो। पत्रकार महासंघको जितमा पूर्ण न्यौपाने एक्लैले ह्याट्रिकसहित ४ गोल गरे। यस्तै अर्जुन गाहामगर, अनुप पौडेल, विष्णु गौतम र बशन्त शेर्पाले १/१ गोलको योगदान दिए। इन्फोम्याटिक्सको तर्फबाट टिम कप्तान विवेक श्रेष्ठ, दिपेन्द्र थापा र सन्दिप अधिकारीले १/१ गोल फर्काएपनि जितका लागि प्रयाप्त भएन्। आफ्नो वार्षिकोत्सवको अवसरमा खेल अघि कलेजले नेपाल पत्रकार महासंघ कास्कीलाई नगद २५ हजार रुपैयाँ सहयोग गरेको थियो। यस्तै सहारा क्लब



पोखरालाई पनि कलेजले नगद २० हजार रुपैयाँ सहयोग गरेको हो। नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी र सहारा क्लबका अध्यक्ष सुरज गुरुङलाई कलेजका सिईओ अभिनभ दहाल तथा फाउण्डर प्रदुन्न केसीले शनिबार नै सहयोग रकमको चेक हस्तान्तरण गरेको थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ अध्यक्ष भण्डारीले भाइचारको विकाश गर्ने उद्देश्य मैत्रीपूर्ण खेल आयोजना गर्नु उदाहरणीय काम भएकोमा प्रशंसा व्यक्त गरिन्। खेलले कलेजसँगको समिप्यता झनै बढेको धारणा राखिन्। कलेजको हरेक गतिविधि पत्रकार महासंघको सधैं सहकार्य रहने पनि उनले प्रतिवद्धता जनाईन्। सहाराका अध्यक्ष गुरुङले कलेजले आफ्नो वार्षिकोत्सवमा गरेको सहयोगले एकेडेमीमारहेकाबालबालिकाहरुको पालनपोशणमा सहयोग पुग्ने बताए।

यसैविच सहारा एकेडेमीको अक्षयकोषका लागि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको पनि अध्यक्ष गुरुङले जानकारी दिए। सहारा एकेडेमीले सञ्चालन गरेको सहारा अक्षयकोषका लागि चारभञ्ज्याङ तमु समाजका अध्यक्ष हनेरी लेप्टेन चन्द्रबहादुर गुरुङ र उहाँकी धर्मपत्नीले ५० हजार ५ रुपैयाँ, सहारा क्लबका मानार्थ सदस्य महेश गुरुङले ५० हजार रुपैयाँ तथा सहारा यूकेका पूर्व कार्यसमिति सदस्य ईश्वर गुरुङले १ लाख १५ हजार रुपैयाँ सहयोग गरेको उनले जानकारी दिए।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# चुनावका लागि कार्यकर्ता परिचालन

नेपाली कांग्रेसले आउँदो वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि अभियान सञ्चालन गर्दैछ । गठबन्धन दलहरूबीच तालमेल र धेरै पालिकामा जित्ने गरि काङ्ग्रेसले कार्यकर्ता परिचालन गर्ने भएको छ । 'घर-घर जाऔं, कांग्रेस जिताऔं' अभियान अन्तर्गत कांग्रेस ६ हजार ७४३ वडामा पुग्ने तयारीमा रहेको छ । एक महिने अभियान चलाउने निर्णय कार्यसम्पादन समितिले गरिसकेको हो । अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउन पार्टी नेतृत्व व्यस्त भएपछि अभियान सञ्चालन हुन सकेको थिएन । त्यस्तै १६ जिल्लाको जिल्ला अधिवेशन सम्पन्न गर्न नसक्दा अभियान प्रभावित भएको हो ।

कांग्रेसले फागुन २९ देखि चैत २९ सम्म अभियान सञ्चालन गर्न लागेको छ । अभियानमा खटिनेलाई अभिमुखिकरण गर्ने काम सकेको छ । एक महिनासम्म चल्ने अभियानले आठवटा उद्देश्य लिएको छ । जसको मुख्य उद्देश्य स्थानीय तह निर्वाचनमा कांग्रेसलाई जिताउन माहोल बनाउने रहेको छ। प्रतिनिधिहरु वडा र टोलटोलमा पुगेर कांग्रेसको पक्षमा कार्यकर्ताहरुमा उत्साह भर्ने काम गर्ने उद्देश्य पार्टीले लिएको छ । यस्तै अभियानकै दौरान पार्टीले 'हरेक काँधलाई भारि, हरेक हातलाई जिम्मेवार ी' को नीति साथ पार्टीको विधानमा व्यवस्था गरिएका विभिन्न जिम्मेवारी बाँडफाँट गरेर पार्टी पंक्तिलाई स्थानीय निर्वाचनमा वृहत्तर परिचालन गराउने नीति लिएको छ ।

वडा तहसम्म पुगेर कांग्रेसले तत्कालीन केपी शर्मा ओलीको नेतृत्वमा रहेको नेकपाको सरकारको तीन वर्षे कार्यकालमा भएका जनविरोधि गतिविधि, असंवैधानिक कदम र भष्टाचार प्रकरण जनतासमक्ष चुनावी एजेन्डा बनाएर लैजाने तयारी गरेको छ । यस्तै वर्तमान कांग्रेस नेतृत्वको सरकारले कोभिडको विरुद्ध ७० प्रतिशत नागरि कलाई खोप लगाएको भन्दै चुनावी एजेन्डा बनाइने भएको छ । पार्टीले संसदबाट अनुमोदन भएको एमसीसी परियोजनाका विषयमा जनस्तरमा छरिएका भ्रम र पार्टीप्रति उत्पन्न शंका निवारणका लागि बुँदागत रुपमा अभियानबाट भ्रम चिर्ने तयारी पनि गरेको छ ।

पार्टीले अभियान अन्तर्गत प्रदेश कार्यसमितिलाई केन्द्रको कार्यक्रममा असर नपर्ने गरि आफ्नो प्रदेश भित्र 'घर-घर जाऔं, कांग्रेस जिताऔं अभियान' थप गरेर सञ्चालन गर्ने अधिकार पनि दिएको छ । यस्तै स्थानीय तहमा पार्टीको उमेदवार चयनका लागि पूर्व अध्ययन गरि प्रदेश कार्यसमितिलाई प्रतिवेदन बुझाउन प्रत्येक स्थानीय तहमा अभियानको अन्तिम साताम प्रदेश प्रतिनिधि खटाउने निर्णय पनि कांग्रेसले गरेको छ । यस्तै प्रदेशले आफ्नो प्रदेशभित्रको समग्र अभियानलाई सम्पूर्ण अनुगमन गर्नुपर्ने जिम्मेवारी पनि दिएको छ ।

यता, जिल्ला कर्यसमितिले अभियान सुरु हुनुभन्दा दुई दिनअघि कार्यसमितिको बैठक बसेर जिल्लाभरका सबै वडामा खटिने प्रतिनिधि तथा प्रतिनिधि टोली तय गर्नेगरि जिल्ला समितिलाइ निर्देशन दिएको छ । यस्तै अभियान सञ्चालनका लागि भ्रातृ तथा शुभेच्छुक संस्था पनि खटिनुपर्ने गरि कांग्रेसले कार्यक्रम तय गरेको छ । कांग्रेसले सञ्चालन गर्ने अभियान र त्यससँग सम्बन्धित हरेक गतिविधि सामाजिक संजाल र स्थानीय सञ्चार माध्यममार्फत् प्रचार गर्ने तयारी गरेको छ र त्यसका लागि छुट्टै प्रचार टिम बनाउने निर्णय पनि गरेको छ । काङ्ग्रेसले गर्ने निर्णय सरोकारवालासँग छलफल नगरीकन गुपचुप तरिकाले चल्ने शैली गलत हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : क्रमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक क्रमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# लायन्स लेकसिटीको सहयोग हिमालयलाई

पोखरापत्र संवाददाता

पोखरा, २८ फागुन

लायन्स क्लब अफ पोखरा लेकसिटीले कास्कीको मादी गाउँपालिका-५,चितेपानीमा रहेको हिमालय आधारभूत विद्यालयका अध्ययनरत छात्राछात्रालाई पोशाक,खेलकुद तथा शैक्षिक सामग्री वितरण गरेको छ । एउटा विद्यालयमा चाहिने सम्पूर्ण शैक्षिक र खेलकुद सामग्री तथा पोशाक वितरण गर्ने सूचीमा लायन्स लेकसिटी पहिलो बन्यो ।

सामाजिक उत्तरदायित्व वहनअन्तर्गत पोखराको अग्रणी लायन्स क्लब लेकसिटीले विद्यालयमा अध्ययनरत १९ जना बालबालिकालाई सहयोग गरिएको क्लबका अध्यक्ष कैलाश पालिखेले जानकारी दिए । उनले ती शैक्षिक सामग्रीको प्रयोगको सामान्य तरिका पनि सिकाए । क्लबलाई शैक्षिक सामग्री जुटाउन सदस्य मोहनसिंह लालचनले सघाएका थिए । शनिबार विद्यालयमा आयोजित हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि लायन्स क्लब ३२५ बि १ नेपालका एमसीसी दिपक श्रेष्ठले अन्धोपन निवारणको लागि चिनिएको लायन्स शिक्षाको ज्योति बाल्ने अभियानमा पनि उत्तिकै क्रियाशिल रहेको बताए । उनले विद्यार्थीको संख्यागौणरगुणस्तरीय शिक्षामहत्वपूर्णरहेकोलेगुणस्तरीय शिक्षामा जोड दिए । विद्यालयका प्रधानाध्यापक चिरञ्जीवी पौडेलले लायन्सको सहयोगलाई निम्न लागेको बत्तीमा तेल थप्ने अभियानको रुपमा लिइएको बताए । मादी गाउँपालिका ५ का वडा सदस्य होमनाथ तिमिल्सिनाले शैक्षिक गुणस्तर सुधारको लागि अभिभावकको चासो आवश्यक रहेको धारणा राखे । सहयोग दाता मोहनसिंह लालचनले आफू कक्षा ७ मा पढ्दा जम्मा ४ जनामात्रै विद्यार्थी भएको स्मरण गर्दै सबैले पढ्न पाउन भन्ने चाहनाले आम्दानीको केही भाग शिक्षाको लागि खर्च गर्दै आएको बताए । विद्यार्थीहरुलाई प्रमुख अतिथि श्रेष्ठ,सल्लाहकारहरु टोपबहादुर थापा,कृष्णमोहन श्रेष्ठ,स्थानीय समाजसेवी टीकाराम सापकोटा, जनप्रतिनिधि होमनाथ तिमिल्सिना,सहयोगी मोहनसिंह लालचन, क्लबका अध्यक्ष कैलाश पालिखे,बिमल विजुक्छेलगायतले शैक्षिक सामग्री वितरण गरेका थिए ।

क्लबका पूर्वअध्यक्ष तथा डिपुटी चिफ एडभाइजर टोपबहादुर थापाको स्वागत तथा क्लब सेक्रेटरी विद्या मर्सानीको संचालन रहेको कार्यक्रममा सो क्षेत्रका आमा समूह,अभिभावक तथा शुभेच्छुकहरुको उपस्थिति रहेको थियो । कार्यक्रम तथा लायन्स क्लब अफ पोखरा लेकसिटीका अध्यक्ष कैलाश पालिखेले शिक्षा क्षेत्रमा निरन्तर सहयोग रहने प्रतिवद्धता व्यक्त गरे ।

# हस्पिटलचोकमा सवृद्धिको शिविर

पोखरापत्र संवाददाता

पोखरा, २८ फागुन



सामाजिक उत्तरदायित्व वहन गर्दै श्रीवृद्धि बचत तथा ऋण सहकारी पोखरा १० ले हस्पिटलचोकमा निशुल्क शिविर आयोजना गरेको छ । युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) हस्पिटलचोक शाखाको प्राविधिक सहयोगमा भएको शिविरमा ४ सय २२ जनाको सित्तैमा मधुमेह, रगतमा हुने खराब बोसो(टिजी)को रगत जाँच र पिसाब जाँच गरिएको छ । कार्यक्रममा वरिष्ठ फिजियिसन प्राडा बुद्धिबहादुर थापाले केही रोग अन्तर्सम्बन्धित भएको र एउटा लागेपछि अर्को रोग लाग्ने जोखिम हुने बताए। उनले नेपालमा सरुवा रोगको प्रकोप कम भएको देखिए पनि नसर्ने रोगले धेरैलाई पीडित बनाएको उल्लेख गरे । सर्वसाधारणलेरोगलागेपछिमात्रहोइन, बेला बेलामा स्वास्थ्य जाँच गराई तन्दुरुस्त रहनुपर्नेमा उनले जोड दिए। श्रीवृद्धि सहकारीका अध्यक्ष मीनबहादुर गुरुङले युआरएलसँग सहकार्य गरी सामाजिक उत्तरदायित्व वहन गरिएको बताए । उनले राज्यले जिम्मा लिनुपर्ने स्वास्थ्य क्षेत्रमा जनताको पहुँच कम हुँदै गएको भन्दै चिन्ता व्यक्त गरे । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका सिनेटरसमेत रहेका गुरुङले नागरिक र संघ, संस्थाले यस खालका कार्यक्रम गर्दा धेरै सेवाग्राही लाभान्वित हुने सुनाए । वरिष्ठ मुटुरोग विशेषज्ञ डा विश्वराज बरालले अव्यवस्थित जीवनशैली र खानपिनका कारण नेपालमा मुटुरोगी बढ्दै गएको उल्लेख गरे । उनले खानपान, जीवनशैली सुधार गर्दै हृदयघात, हार्टफेलियर जस्ता समस्याबाट जोगिन सर्वसाधारणमा अनुरोध गरे । श्रीवृद्धि सहकारीकी सञ्चालक समिति सदस्य डा. विनिता शर्मा कोइरालाले ससानो हेलचेक्र् याईले बिग्रिने स्वास्थ्य कतिपय अवस्थामा जतिसुकै खर्च गरे पनि पूर्ववत् अवस्था आउन नसक्ने औंल्याइन् । युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्तले रोग लाग्नुभन्दा पनि रोग लाग्ने नदिन विभिन्न संघ, संस्थासँग सहकार्य र आफ्नै आयोजनामा समेत निशुल्क शिविर गर्दै आएको उल्लेख गरे । युआरएलले अहिलेसम्म १ सय ११ औं शिविरमा केही रोगका निशुल्क रगत जाँच गर्दै आएको छ । अहिलेसम्म ८० हजारले निशुल्क सचेतना र शिविरमा भाग लिएका छन् ।

शनिबार रगत जाँच गराएकालाई आगामी शुक्रबार विशेषज्ञको परामर्शसहित रिपोर्ट वितरण गरिने आयोजकले जनाएको छ । विशेषज्ञको परामर्शसमेतनिशुल्कहुनेछ।वरिष्ठ फिजिसियन प्राडा बुद्धिबहादुर थापा र स्वास्थ्य विज्ञान प्रतिष्ठानका फिजिसियन डा. कृष्णराज अधिकारीले रिपोर्ट लिन आउने सर्वसाधारणलाई परामर्श दिने छन् ।

# जलवायु परिवर्तनको असर कृषिमा

पोखरापत्र संवाददाता

म्याग्दी, २८ फागुन

म्याग्दीका जनप्रतिनिधिले बेमौसमी वर्षा भएको, गर्मी र चिसो अत्यधिक बढेकोमा चिन्ता व्यक्त गरेका छन् । अतिवर्षा र अनावृष्टिजस्ता कारणले कृषि उत्पादन घटेको भन्दै उनीहरुले यसलाई मध्यनजर गर्दै कृषि उत्पादन र पशुपालनका फरक विधि अपनाउनुपर्ने बताएका हुन् ।

संयुक्त राष्ट्रसङ्घ, विश्व खाद्य कार्यक्रम तथा राष्ट्रिय योजना आयोगजस्ता निकायले मानिसको जीविकोपार्जनलाई सहज बनाउने योजना ल्याउनुपर्ने जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख देवेन्द्र केसीले आग्रह गर्नुभयो । वातावरणमा आएको परिवर्तनले खाद्यसुरक्षामा असर पारेकाले अनुकूलित खाद्यान्न र पशुपालनका लागि प्रविधिको व्यवस्था गर्न नसके खाद्य असुरक्षा, भोकमरी बढ्ने, देशको अर्थतन्त्र खाद्यान्न आयातमा केन्द्रित हुने उहाँको भनाइ थियो ।

आयोगले विश्व खाद्य कार्यक्रमसँग मिलेर म्याग्दीका पालिका तहमा अध्ययनसमेत थालेको छ । धौलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले खेती गर्ने पात्रोमा परिवर्तन आएको, खडेरी, असिना, हिमपात र वन्यजन्तुले बालीनाली क्षति गरेर कृषक पीडित भएका बताउनुभयो । रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले सस्तो र सजिलोका लागि आयातित वस्तुमा निर्भर हुने, जग्गाजमिन बाँझो राख्ने समस्याले रैथाने जातका बाली लोप हुन थालेको बताउनुभयो । जिल्ला समन्वय समितिका सदस्य शेरबहादुर केसीले घट्दो उत्पादन र बढ्दो आयातले सिर्जना गरेको असन्तुलत घटाउन राज्यले कृषिउपजको बजार सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगले खाद्यसुरक्षाको अवस्था कमजोर बन्दै गएकाले वैकल्पिक उत्पादन र अनुकूल उत्पादनमा लगानी गर्ने नीतिअनुरुप अध्ययन थालेको निर्देशक महेश खरेलले बताउनुभयो । कर्णाली र सुदूरपश्चिममा गरेको अध्ययनले खाद्यसुरक्षाको चुनौती बढेको देखिएपछि यसपालि गण्डकी र बागमती प्रदेशमा पनि अध्ययन थालिएको खरेलले बताउनुभयो । सबैतिरएकैप्रकारकोसमस्याभएकाले संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रममार्फत खाद्य सुरक्षाका कार्यक्रम सुरु गरिसकेको उहाँले बताउनुभयो ।

आयोग, विश्व खाद्य कार्यक्रम र गण्डकी प्रदेशको योजना आयोगले जिल्लामा स्थानीय तहको सहकार्यमा कृषि र पशु विकासमा लगानी बढाएको छ । जीविकोपार्जनका लागि खाद्यान्नतर्फ धान, गहुँ, मकै र कोदो, पशुतर्फ दूध र मासुजन्य तथा तरकारी खेतीमा जोड दिने लक्ष्य राखेको खाद्य सुरक्षाविज्ञ विष्णु आचार्यले बताउनुभयो । उहाँले जलवायु परिवर्तनले ल्याएको असर न्यूनीकरणका लागि काम गर्न प्रारम्भिक अध्ययन गरिएको बताउनुभयो ।

आयोगले गर्ने अध्ययनमा जीविकोपार्जनका लागि लक्षित क्षेत्र पहिचान गर्ने, खाद्यसुरक्षा पुनःरुत्थान नीति बनाउने र तापक्रम र बर्सातको परिदृश्य निर्माण गर्ने काममा लगानी गरेको विश्व खाद्य कार्यक्रमका प्रतिनिधि यज्ञ पुनले बताउनुभयो । शुक्रबार बेनीमा भएको अन्तर्क्रियामा जिल्लाका छवटै स्थानीय तहका जनप्रतिनिधि, कृषि र पशु शाखाका प्रमुखबीच विभिन्न १५ वटा सूचकमा छलफल भएको थियो ।

# पाँच वर्ष बित्दा पनि सरसफाइ केन्द्र व्यवस्थापनमा सकस

पोखरापत्र संवाददाता

दमौली, २८ फागुन

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको पाँच वर्ष पुग्नै लाग्दा पनि व्यास नगरपालिकाले सरसफाइ केन्द्र व्यवस्थापन गर्न सकेन ।

जिल्ला सदरमुकाम दमौलीमा रहेको नगरपालिकाले पाँच वर्षको अवधिमा पनि सरसफाइ केन्द्रको व्यवस्थापन गर्न नसकेको हो । त्यसो त नगरपालिका स्थापना भएको ३० वर्ष पुगेको छ । यसबीचमा तीनवटा नगरप्रमुख परिवर्तन भए तर कुनै पनि नगरप्रमुखले सरसफाइ केन्द्रको टुङ्गो लगाउन सकेनन् । नगरपालिकालाई फोहोर व्यवस्थापन गर्न टाउको दुखाइ बन्दै आएको छ ।

फोहोरमैला व्यवस्थापनमा समस्या भोग्दै आएको नगरपालिकाले सरसफाइ केन्द्र व्यवस्थापनमा भने जुटेको छ । नगरपालिकामा जनप्रतिनिधि निर्वाचित भएर आएदेखि नै फोहोरमैला व्यवस्थापनका लागि पहल भए पनि त्यसले सार्थक रुप लिन नसकेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । कार्यकाल सकिने बेलामा जनप्रतिनिधि फोहोरमैला व्यवस्थापनको तयारीमा जुटेको उहाँले बताउनुभयो । नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि ५० देखि एक सय रोपनीसम्म सार्वजनिक जग्गाको खोजी सुरु गरिएको उहाँको भनाइ छ । जग्गा खोजी गरी फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने लक्ष्यसहित काम अगाडि बढाइएको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो ।

नगरपालिकाका विभिन्न वडामा रहेका सार्वजनिक जग्गा पहिचानका लागि काम सुरु भइसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले बताउनुभयो । "सरसफाइ केन्द्र निर्माणका लागि कहाँ कहाँ सार्वजनिक जग्गा छ त्यसको खोजी कार्य सुरु गरेका छौं," उहाँले भन्नुभयो, "जग्गा पहिचान भएपछि सरसफाइ केन्द्र निर्माणको काम अगाडि बढ्छ ।" सरसफाइ केन्द्र निर्माणका लागि वालिङ नगरपालिकाले बनाएको फोहोरमैला व्यवस्थापन केन्द्रको पनि अध्ययन अवलोकन गरेको छ । "फोहोरमैला व्यवस्थापनमा नमूना बनेको वालिङ पुगेर सरसफाइ केन्द्रको अध्ययन गर्यौं, त्यसले पनि हामीलाई सहयोग पुगेको छ", प्रमुख प्रशासकीय अधिकृत सिग्देलले भन्नुभयो।नगरपालिकालेवर्षौंदेखि व्यास नगरपालिका-३ मादीस्थित भतेरीमा फोहोरमैला फाल्दै आएको थियो । मादी नदीमा बर्सेनि आउने बाढीले उक्त ठाउँ कटान गरिदिएपछि फोहोरमैला फाल्न समस्या भएको थियो । फोहोरमैला फाल्ने ठाउँ मादीले कटान गरिदिएपछि नगरपालिकाले व्यास नगरपालिका-१ मा निजी जग्गा भाडामा लिएर फोहोरमैलाव्यवस्थापनगर्नथालेको थियो। उक्त ठाउँ पनि फोहोरमैलाले भरिएपछि ठाउँ अभाव भएको थियो । त्यसयता नगरपालिकाले व्यास नगरपालिका-१३ स्थित कोइदिम जाने बाटो नजिकको खोल्सामा फोहोर फाल्न थालेको छ ।

"यो ठाउँ पनि स्थायी होइन, वैकल्पिक व्यवस्थापनका लागि यहाँ फोहोरमैला विसर्जन हुँदै आएको छ", उहाँले भन्नुभयो, "सरसफाइ केन्द्र निर्माणपछि फोहोरमैला व्यवस्थापनको वर्षौंदेखिको समस्या समाधान हुनेमा हामी विश्वस्त छौं ।" नगरपालिका सरसफाइ शाखाका अनुसार व्यास नगरपालिकाको बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक ११ टन फोहोर सङ्कलन हुँदै आएको छ । त्यसमध्ये कुहिने फोहोर व्यास नगरपालिका-१० दुम्सीमा मल उत्पादनमा प्रयोग गर्ने गरिएको छ ।

# शिव शक्ति महिला समूहमा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता

तनहुँ, २८ फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं १ सेराबेसीमा कृयाशिल शिव शक्ति महिला समूहको सातौं साधारणसभा एवम् चौथो अधिवेशनले उमादेवी पन्थीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

समूहको उपाध्यक्षमा निशा भुजेल, सचिवमा सुनिता सुनार, सह सचिवमा सुस्मिता सुनार र कोषाध्यक्षमा प्रतिक्षा अधिकारी रहनुभएको छ । त्यस्तै समितिका सदस्यहरुमा शारदा पन्थी, गीता पन्थी, गुना खत्री, लक्ष्मीदेवी बराल, कोपिला पन्थी र मञ्जु पन्थी हुनुहुन्छ । अधिवेशनले कार्यसमितिका पदाधिकारी तथा सदस्य सर्वसम्मत रुपमा चयन गरेको निर्वाचन समितिका संयोजक ठाकुरप्रसाद खनालले जानकारी दिनुभयो । यसैबीच साधारणसभा एवम् अधिवेशनको उद्घाटन गर्दै शुक्ला गण्डकी नगरपालिका वडा नं १ का वडा अध्यक्ष रविचन्द्र पौडेलले सेराबेसीको विकासका लागि वडाका तर्फबाट निरन्तर सहयोग गरिएको बताउनुभयो । शुक्ला गण्डकी नगरपालिकाको वडा नं १ को भूभाग ठूलो भएका कारण हप्तामा एक दिन सेराबेसीबाट वडा सेवा केन्द्र मार्फत सेवा दिने तयारी भएको उहाँले जानकारी दिनुभयो । समूहका अध्यक्ष अनिशा भुजेलको अध्यक्षता एवम् सचिव नानु आलेले सञ्चालन गर्नुभएको कार्यक्रममा समाजसेवी एवम् राजनीतिक व्यक्तित्वहरू डिल्लीराम अधिकारी, खेमराज अधिकारी लगायतले बोल्नुभएको थियो ।

उक्त अवसरमा समूहलाई समाजसेवी युवराज खनालले साउण्ड सिस्टम, सुशिला कुँवरले स्टिल दराज र मधुमाया पन्थीले सिलिन्डर सहित ग्याँस चुल्हो सहयोग गर्नुभएको थियो ।

# चापापानी सिद्धार्थ सहकारीको संस्थाको प्रशिक्षण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन




चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १२ पुरानोधाराको सहकारी शिक्षा तालिम तथा बनभोज कार्यक्रम सम्पन्न भएको छ।

चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाको सहकारी शिक्षा तालिम तथा बनभोज कार्यक्रमका प्रमुख अतिथि भुमि ब्यबस्था कृषि सहकारी तथा गरीवी निवारण मन्त्रालय गण्डकी प्रदेशका सहकारी रजिष्टारको कार्यालयका रजिष्टार उदय बहादुर पराजुलीले सहकारीका सदस्यहरुलाई यस्ता सहकारी शिक्षा तालिमले सदस्यहरुलाई सहकारी भनेको केहो भन्ने कुराको जानकारी हुने बताए।

चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश बहादुर कार्कोले चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था कास्कीका औलामा गनिने सहकारीहरु मध्यमा चिनिने सस्था भएकोले सहकारीका सदस्यहरुले आफ्नै सहकारीमा आर्थिक कारोबार गरी संस्थालाई बलियो बनाउनुपर्ने बताउदै सहकारीलाई आगामी दिनमा थप व्यवस्थित रुपमा सञ्चालन गरिनेमा जोड दिए। कार्यक्रममा कमल पोखरी बचत तथा ऋण सहकारी संस्थाका प्रवन्धक रन्जन कुवरले प्रशिक्षण दिदै समानता, सामुदाय प्रति चासो, दिगो विकास र सदस्यहरु प्रति चासो लगायतका बिषयमा जानकारी गराएका थिए। चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश बहादुर कार्कोको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव श्याम प्रसाद साँखीले कार्यक्रम सन्चालन शिक्षा समिति संयोजक तथा कार्यक्रम संयोजक सुवास तज्याले स्वागत मन्तब्य ब्यक्त गरेका थिए भने शिक्षा समिति सदस्य मन्जु देवी पहारीले सहकारीका सात सिद्वान्त बाचन गरेकी थिइन्।

# शुभतारा थ्रि एन्जल्स मिसन स्कूलले पायो अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन



उद्धार रोकथाम र पुर्नस्थापनाको माध्यमबाट मानव बेचबिखन विरुद्ध कार्यरत थ्रि एन्जल्स नेपालले, सम्मान तथा बधाई ज्ञापन कार्यक्रम गरेको छ।

नेपाल सहित विश्वका १५३ देशका विद्यालयहरुसँग प्रतिस्पर्धा गर्दै ब्रिटिस काउसिलद्वारा प्रदान गरिने इन्टरनेशनल स्कुल अवार्ड जित्न सफल थ्रि एन्जल्स नेपाल अन्तरगतको शुभतारा थ्रि एन्जल्स मिसन स्कूलले प्राप्त गरेको उक्त सफलताको उपलक्ष्यमा शुक्रबार कार्यक्रम आयोजना गरिएको थियो। सो अवसरमा थ्रि एन्जल्स नेपालका अध्यक्ष शारदा खत्री गौतम, संस्थापक अध्यक्ष तथा प्रमुख कार्यकारी डा.राजेन्द्र गौतमले विद्यालयका प्राचार्य रमेश पाण्डेलाई अवार्ड तथा प्रमाणपत्र हस्तान्तरण गरे।

स्वागत मन्तव्य तथा अवार्डबारे बोल्दै विद्यालयका प्राचार्य रमेश पाण्डेले विद्यालयले कोरोना महामारीकै बीचमा समेत अवार्ड प्राप्तिका लागि विभिन्न शैक्षिक कृयाकलाप प्रस्तुत गरी अन्तराष्ट्रिय स्तरको अवार्ड जित्न सफल भएको बताए। उनले उक्त अवार्ड जित्नका लागि सबै शिक्षकहरुको महत्वपूर्ण भूमिका रहेको बताए। कार्यक्रममा थ्रि एन्जल्स नेपालका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक डा. राजेन्द्र गौतमले समूहमा गरेको कामले विद्यालयले सफलता हासिल गरेको बताए। विद्यालयले प्राप्त गरेको यो अवार्डले समूहमा काम गर्दा हुने सफलता पुष्टि गरेको बताउँदै वडा नं १५, आफ्नै समुदाय लक्षित कार्यक्रम छिट्टै लिएर आउने प्रतिबद्धता जनाए।

अवार्ड जित्नका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने स्कूलका प्राचार्य रमेश पाण्डे, सहायक प्रधानध्यपक अर्नव विश्वास, र अन्य यो प्रोजेक्टमा जोडिएका ८ जना शिक्षकहरुलाई संस्थाका प्रमुख कार्यकारी डा.गौतमले खादा र प्रमाण पत्र सहित सम्मान गरेका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १५ का अध्यक्ष प्रकाश पौडेलले फरक परिणाम पाउन फरक तरिकाले काम गर्नु पर्ने भन्दै विद्यालयका शिक्षक र विद्यार्थीहरुको अथक मेहेनतले यस किसिमको सफलता प्राप्त गरेको बताउदै हर्दिक बधाई ज्ञापन गरे। कार्यक्रममा उनले थ्रि एन्जल्स नेपाल तथा थ्रि एन्जल्स शुभतारा मिसन स्कूल पोखरा १५ को गहना भएको बताउँदै उनले आगामी दिनहरुमा पनि सृजनात्मक रचनात्मक तरिकाले काम गर्न सुभेक्षा प्रदान गरे। कार्यक्रममा सभाध्यक्षको आसनबाट बोल्दै थ्रि एन्जल्स नेपालका अध्यक्ष सारदा खत्री गौतमले समाज परिवर्तनको बाहक गुरु, गुरुआमा रहेको भन्दै सम्पुर्ण शिक्षकहरुलाई धन्यबाद तथा बधाई ज्ञापन गरिन्। साथै उनले थ्रि एन्जल्स नेपाल मानव बेचबिखनविरुद्ध कार्य गर्ने विशुद्ध सामाजिक संस्था भएकोले उपस्थित सम्पुर्ण टोलबासी तथा विभिन्न आमा समुह, टोल विकास संस्थाबाट सहभागी भएका अतिथिहरुलाई आफ्नै घर सम्झेर आवस्यक परेको बोलामा सम्झन, सल्लाह सुझब दिन अनुरोध गरिन्। सोही अवसरमा संस्थाका अध्यक्ष शारदा खत्री गौतम यहि फागुन २४ र २५ गते पोखरामा भएको राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलायन्स) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट केन्द्रिय सदस्य, गैसस महासंघ कास्कीको कोषाध्यक्ष, र महिला मानवअधिकार रक्षक सञ्जालको सचिव पदमा निर्वाचित भएकोमा बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ। अध्यक्ष खत्रीलाई पोखरा महानगरपालिका वडा नं १५ का अध्यक्ष वडा अध्यक्ष प्रकास पौडेलले पुष्पगुच्छा र खादा सहित बधाई ज्ञापन गरे।

सोही कार्यक्रममा उत्कृष्ट कार्मचारी अवार्ड पनि प्रदान गरिएको छ। विद्यालयको व्यवस्थापन पक्षमा महत्वपुर्ण भुमिका निर्वाह गरेको भन्दै विद्यालयका व्यवस्थापन तर्फका कर्मचारी विष्णु ढकालालाई वर्ष सर्वोत्कृष्ठ कर्मचारी अवार्ड प्रदान गरिएको थियो। विद्यालयकी शिक्षिका निरु ढकाललाई गोल्ड मेडल समेत सोही अवसरमा प्रदान गरियो।

सो अवसरमा विशेष अतिथि एवं तल्लो नयागाउँ टोल विकास संस्थाका अध्यक्ष नरेश थापा, उपाध्यक्ष विष्णु आचार्य, थ्रि एन्जल्स नेपालका सल्लाहकार समितिका संयोजक तथा समाजसेवी बलराम पौडेल, तल्लो नगागाउँ टोल विकास संस्था अन्तर्गतको शिशिर मार्गका संयोजक टेकबहादुर विक, सन्देश मार्गका संयोजक विष्णुप्रसाद भण्डारी, एकता मार्गका संयोजक सुशिला थापा सहित आमा समूहका सदस्यहरु, स्थानीयबासी, शुभतारा थ्रि एन्जल्स मिसन स्कूलका शिक्षकहरु, थ्रि एन्जल्स नेपालको विभिन्न विभागीय प्रमुख एवं कर्मचारीहरुको पनि उपस्थिति थियो।

कार्यक्रम अवधिभर थ्रि एन्जल्स सामुदायिक रेडियोले प्रत्यक्ष प्रशारण समेत गरेको थियो भने उक्त कार्यक्रमको संचालन अधिवक्ता तथा थ्रि एन्जल्स नेपालका मानव संसाधन प्रमुख भिम प्रसाद पौडेलले गरेका थिए।

# नेपाल विद्यार्थी संघ पोखरा–६ मा पहारी

पोखरापत्र संवाददाता
पोखरा, २८ फागुन



नेपाल विद्यार्थी संघ, पोखरा महानगरपालिका वडा नं. ६ बैदामको सभापतिमा विष्णु पहारी पुन चयन भएका छन्। संघको शनिबार सम्पन्न अधिवेशनले ३१ सदस्य नयाँ कार्यसमिति सहित पहारीलाई सर्वसम्मत सभापतिमा चयन गरेको छ।

नवनिर्वाचित सभापति पहारीले बैदाममा रहेका सबै विद्यार्थीहरुलाई गोलवन्द गरी उनिहरुको सल्लाह सुझावलाई आत्मसात गरि अघि बढ्ने प्रतिवद्धता जनाए। उनले विगतका तुलनामा नेपाल विद्यार्थी संघ प्रति विद्यार्थिहरुको जनलहर बढ्दै गएको स्पष्ट पारे। बैदाम क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई लाई गोलबद्ध गरि उनिहरुको शिक्षाको स्तर वृद्धि गरि गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई सक्दो आर्थिक सहयोग गर्ने संघको उदेश्य रहेको पहारीले सुनाए। सघं उपसभापतिमा अजय बराल र नवराज सुनार, सचिवमा शविना अधिकारी र समिन पौडेल कोषाअध्यक्ष सुबिक्षा थापा सकोषाअध्यक्ष रौसिला तामाङ सहसचिवमा सुभाष भट्टराई र पुष्पा भट्टराई चयन भएका छन्।

यसैगरी संघको कार्यसमिति सदस्यमा संयोग पहारी, ध्रुव ठाकुर, आदेश बराल, रोहन लामिछाने, सुवर्ण केसी, विजय अधिकारी, निमेश पहारी, सम्राट थापा, विष्णु सुनार, पवन केसी, शिव सुवेदी, निमेश पहारी, श्रीश्यन पहारी, अनिल न्यौपाने, सुमन पहारी, साकार कुवँर, अशिष तमाङ, सुचित पुन, सुशान्त सुवेदी, विवेक भन्डारी, कुन्सन ठोकार र आयुष पहारी रहेका छन्।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि कास्की काग्रेसका स.सचिव तथा प्रतिनिधि शंकर ढुङ्गानाले नेविसंघको नितिनै पार्टी मजबुद बनाउने रहेकाकाले संगठनलाई सकृय बनाउने योजनामा लाग्नु पर्ने जोड दिए। उनले टोल र क्षेत्रमा नेपाल विद्यार्थीहरु सघं मार्फत नै पार्टीलाई बलियो बनाउँदै काग्रेसलाई देशको अगुवा पार्टी बनाउन आवश्यक रहेको बताए। पार्टीको मेरुदण्ड नै सघं भएको बताउदै, आगामि बैशाख ३० गते हुने स्थानिय चुनाव को तयारीको लागि वडावडामा सबैले नेविसघं समिति गठन गर्नु पर्ने, जसले गर्दा तल्लो तहको समिति सम्म कांग्रेसले गरेका कामको जानकारी हुने उनको को भनाई थियो। पोखरा महानगरपालिका वडा न ६ का वडा अध्यक्ष जगत बहादुर पहारीले नेपाली काङ्ग्रेसको महत्वपूर्ण अगं भनेकै नेविसघं भएकोले पार्टी मजबुद बनाउन नेपाल विद्यार्थी सघंलाई सकृय बनाउनु पर्ने कुरामा जोड दिए। नेपाली काग्रेस महाधिवेशन प्रतिनिधि हिरा भट्टराईले नेपाल विद्यार्थी संघले नेपालि काग्रेस पार्टीलाई बलियो बनाउँदै काग्रेसलाई देशको अगुवा पार्टी बनाउनेमा आफु विश्वस्त रहेको सुनाए। नेपाली काङ्ग्रेस पोखरा महानगर पालिका ६ का सभापति सन्तोष पौडेलले आसन्न निर्वाचनलाई दृष्टिगत गर्दै काग्रेसका सबै भातृ संगठनहरु सक्रिय हुनुपर्ने बताए। उनले चुनावमा काग्रेसका उमेदवारहरुलाई जिताउन संघको सहयोग महत्वपूर्ण रहने हुदा, नेपाल विद्यार्थि संघलाई सधैं सक्रिय रहन आग्रह गरे।

संघका सभापति विष्णु पहारीको सभा अध्यक्षतामा भएको कार्यक्रममा सचिव सन्देश दहाल, नेपाली काग्रेस पूर्व इकाइ सभापतिहरु नेत्रपाणी न्यौपाने, लक्ष्मी बहादुर भट्टराई, दिपकबिर कुवँर, बलराम गिरि, पोखरा विश्वविद्यालय नेविसंघ सभापति डिभान भुजेल, जिल्ला प्रतिनिधि शोभाचन्द्र बराल, गिरिजाप्रसाद टोल सभापति गुरुदत्त कोइराला र विद्यार्थि नेता अस्मित कार्की लगाएतका बक्ताहरुले नेविसंघले नेपाली काग्रेस पाटि भित्र भएका बिकृति र बिसंगति जस्ता गतिबिधिलाई अन्त्य गर्नेका लागि नेपाल विद्यार्थी संघलाई खबरदारी गर्ने आग्रह गरे।

# प्रभावकारी भएन कृषि बीमा कार्यक्रम

–सन्तोष गौतम
स्याग्दी, २८ फागुन

सरकारले किसानका लागि ल्याएको कृषि र बाली बीमा कार्यक्रम म्याग्दीमा प्रभावकारी देखिएको छैन्।

कृषिको पशुपन्छीतर्फ किसानहरुले बीमा गरेको देखिए पनि बालीमा बीमा गर्ने किसानको सङ्ख्या न्यून देखिएको बताइएको छ। झन्झटिलो प्रक्रिया र अव्यावहारिक नीतिका कारण किसानले कृषि तथा बाली बीमा कार्यक्रमबाट यहाँका किसान लाभ लिन सकेका छैनन्। बीमा गरेका किसानले क्षति हुँदा दाबी भुक्तानी पाउन झन्झट र दुःख कष्ट व्होर्नुपरेको छ। म्याग्दीको धवलागिरि गाउँपालिका–७ धारापानीका भुवानी पौडेलले केही दिनअघि बाख्रा मर्दा बीमा दाबीको रकम नपाएको गुनासो गर्नुभयो। "कम्पनीले शुल्क लागे पनि बाख्राको कानमा टाचा नलगाइदिएका कारण रु १५ हजार बराबरको बीमा पाउनबाट बञ्चित भएँ," उहाँले भन्नुभयो, "गाउँका कृषकलाई बीमा गरेर खर्च हुने सुविधा नपाउने अवस्था छ।" उहाँले प्रुडेन्सियल इन्सुरेन्स कम्पनीमा ४० वटा बाख्राको बीमा गर्नुभएको थियो। बोयर जातको बाख्रापालन गर्नुभएका बेनी नगरपालिका–६ चुत्रेनीको मल्ल बाख्रा फार्मका सञ्चालक कृष्ण मल्लले स्थानीय जातका बाख्रालाई आधार मानेर गरिएको क्षतिपूर्तिको रकम बोयर पाल्नेलाई नहुने गुनासो गर्नुभयो। "प्रतिगोटा रु दुईदेखि तीन लाखमा खरिद गरेको बाख्राको बीमा रु ५० हजारको मात्र हुन्छ", उहाँले भन्नुभयो, "उन्नत जातका बाख्रा पाल्ने कृषक अनुकूलको नीति नहुँदा मर्कामा परेका छौँ।" गत कात्तिक महिनाको हावाहुरीसहितको वर्षातका कारण म्याग्दीको बेनी नगरपालिका–१० पाल्लेखेतका कृषकहरुले आलु बालीमा ठूलो क्षति व्होर्नुपर्‍यो। पूरै गाउँमा व्यावसायिक आलु खेती गरेका पाल्लेखेतका कृषकले बीमा गर्न चाहे पनि कम्पनीका कर्मचारीले वास्ता नगरेका अगुवा किसान केदारनाथ पौडेलले गुनासो गर्नुभयो। बीमा गरे पनि दाबी र समयमा भुक्तानी नपाउने धारापानीका पौडेल, चुत्रेनीका मल्ल तथा चाहेर पनि बीमा गर्न नसकेका पाल्लेखेतका केदारनाथ प्रतिनिधि पात्र हुन्। यहाँका अधिकांश किसान बीमा सुविधाबाट वञ्चित भएका छन्। बीमा गर्दा किसानले तिर्नुपर्ने प्रिमियम शुल्कको २५ प्रतिशत गण्डकी प्रदेश र ७५ प्रतिशत सङ्घीय सरकारले अनुदान दिने कार्यक्रम बनाएका छन्।

कृषि बीमाका लागि गत वर्ष म्याग्दीमा रु ४९ लाख बजेट आएकामा दुई हजार सात सय पशु र २६ हजार ६०० पक्षीको बीमाको प्रिमियम शुल्कबापतको रु १६ लाख १२ हजार ४५ मात्र खर्च भएको छ। पशुपक्षीको बीमा गरे पनि दाबीको भुक्तानी पाउने न्यून र बाली बीमा गर्नेको सङ्ख्या शून्य रहेको कृषि ज्ञान केन्द्रका प्रमुख किरण सिग्देलले बताउनुभयो।

"बाली बीमा गर्ने कृषकलाई दिने अनुदान छ", उहाँले भन्नुभयो, "कृषकले सुविधा पाउन नसक्ने अवस्था भएकाले नीतिगत सुधारको पहल गरेका छौँ।" असिना, वन्यजन्तु, खडेरी, बाढी, पहिरो, कटान, रोग किराको प्रकोपका कारण खेतीबाली तथा रोग, वन्यजन्तुको आक्रमण र जङ्गलमा चराउन लैजाने क्रममा दुर्घटना भएर पशुधनको क्षति हुने गरेको छ। म्याग्दीमा विसं २०७२ देखि कृषि बीमा गर्ने जिम्मा लिएको प्रभु इन्सुरेन्स कम्पनीका कर्मचारी जुजुमान श्रेष्ठले हालै अभिकर्ता र मूल्याङ्कर्तालाई तालिम दिएर परिचालन गरेकाले अब कृषि बीमा बढ्ने बताउनुभयो।

गत वर्ष १३ जना किसानले सो कम्पनीमा रु तीन लाख ९१ हजार २३८ प्रिमियम शुल्क बराबरको पशुपक्षीको बीमा गरेका थिए। बीमा गरेकाले दाबीको भुक्तानी विवरण गरेको अभिलेख कम्पनी र सम्बद्ध सरकारी निकायसँग छैन। अव्यावहारिक नीतिलाई परिवर्तन गरी कृषि बीमा कार्यक्रमलाई सबै कृषकको पहुँचमा विस्तार तथा सुविधा पाउने वातावरण बनाउन आवश्यक देखिएको कृषि ज्ञान केन्द्रका प्रमुख सिग्देलले बताउनुभयो।

किसानका लागि कृषि बीमा ल्याए पनि ठोस नीतिको अभावमा त्यो प्रभावकारी नभएको बताउँदै उहाँले कृषि बीमाको नीति नै परिवर्तन गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले कृषि बीमाको तथ्याङ्क हेर्दा सन्तोषजनक अवस्था नरहेको र सरकारले कृषि बीमाका लागि ठोस नीति बनाउनुपर्ने बताउनुभयो।

# मनाङमा कांग्रेसको चुनावी अभियान सुरु

पोखरापत्र संवाददाता
रासस, २८ फागुन

नेपाली कांग्रेसले हिमाली जिल्ला मनाङमा चुनाव केन्द्रित कार्यक्रम सुरु गरेको छ।

पार्टीको जिल्ला कार्यसमितिद्वारा आयोजित घर-घर जाऔँ कांग्रेस जिताऔँ चुनाव केन्द्रित अभियान शुक्रबारदेखि सुरु भएको हो। अभियानको केन्द्रीय सदस्य गणेश लामाले शुभारम्भ गर्दै पार्टीभित्रका सबै मतभेद बिर्सेर एकताबद्ध भई कांग्रेसलाई जिताउने गरी परिचालित हुनुपर्ने बताउनुभयो। केन्द्रीय सदस्य लामा भन्नुहुन्छ, "पार्टीभित्र भएका मतभेद बिर्सी, एकताबद्ध भएर हामी अगाडि बढ्नुपर्छ। हिमाली जिल्ला मनाङबाट कांग्रेसलाई जिताउने गरी परिचालित हुनुपर्छ।"

पार्टीका जिल्ला सभापति शङ्कर गुरुङले चुनावी अभियानका लागि अब गाउँमै व्यस्त हुनुपर्नेमा जोड दिनुभयो। गुरुङ भन्नुहुन्छ, "स्थानीय चुनावको तयारीकै लागि गाउँ केन्द्रित भएका छौँ, गाउँमा उत्साह छ, सुशासन प्रवर्द्धन हुन्छ भन्ने आशा आम नागरिकमा बढेको छ।" कार्यक्रममा कांग्रेस नेता टेकबहादुर गुरुङ, पाल्टेन गुरुङ, कोमलबहादुर घले तथा कर्मा गुरुङले पार्टीको निर्णय स्वीकार गरेर कांग्रेसलाई जिताउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो।

# नेपाली विद्यार्थी जापान पढ्न गएको १२० वर्ष पूरा

रासस
काठमाडौं, २८ फागुन

सरकारीस्तरमै उच्च शिक्षाका लागि नेपाली विद्यार्थी जापान गएको १२० वर्ष पूरा भएको छ। राणाकालीन सुधारवादी प्रधानमन्त्री श्री ३ देवशमशेरले आफ्नो छोटो कार्यकालमा आठ जना नेपाली विद्यार्थीलाई सरकारी खर्चमा विभिन्न विषयमा अध्ययनको लागि जापान पठाउने निर्णय गर्नुभएको थियो।

त्यसपछिका प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरले ती विद्यार्थीलाई सन् १९०२ मार्च ८ मा भारत हुँदै जापान पठाउनुभएको थियो। आठ जना नेपाली विद्यार्थीलाई पढाइमा कुनै दुःख नहोस् भनेर उनीहरुको साथमा १७ जना सुसारे पनि जापान पठाइएको थियो। उनीहरुको गाइडका रुपमा स्वामी पुरानन्द गिरी पनि साथमा हुनुहुन्थ्यो। यसरी पहिलोपटक जापानमा उच्च शिक्षा पढ्न जाने नेपाली विद्यार्थीहरुमा जंगनरसिंह राणा र भक्तबहादुर बस्न्यात हतियार इन्जिनीयरिङ, देव नरसिंह राणा र बालनरसिंह रायमाझी खनिज, दीप नरसिंह राणा कृषि, हेमबहादुर राजभण्डारी मेकानिकल इन्जिनिरिङ, रुद्रलाल सिंह व्यावहारिक रसायनशास्त्र र विचारमान सिंह सेरामिक्स (माटोको भाँडा, पछि रेशम खेती) बारे पढे।

नेपाली विद्यार्थी जापानमा उच्च शिक्षा पढ्न जान थालेको १२० वर्ष पुगेको अवसरमा जापानमा उच्च शिक्षा पढेर फर्केका नेपाली विद्यार्थीहरुको संस्था 'जुआन'ले आज राजधानीमा अन्तरक्रियाको आयोजना गऱ्यो। कार्यक्रममा नेपालका लागि जापानी राजदूत युताका किकुताले नेपाल र जापानबीचको सम्बन्ध ऐतिहासिक रहेको उल्लेख गर्दै कोरोना महामारीका कारण विगत दुई वर्षदेखि जापानमा पढ्न जान नपाएका नेपाली विद्यार्थीहरुका लागि सोमबार १४ मार्चदेखि राजदूतावासले सहज बनाउने बताउनुभयो।

पछिल्लो समय नेपाली युवा विद्यार्थीहरु अध्ययनको लागि जापानमा आकर्षित हुन थालेको राजदूत किकुताको भनाई थियो।